जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १२ • अंक ३५९ • २०८२ असोज ३१ गते शुक्रवार • 17 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)



9854025530 / 9824885783

# धनुषाको बटेश्वर गाउँपालिकाका किसानहरू अहिले सुधारिएको खेती प्रणालीतर्फ अग्रसर

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३० असोज**



धनुषाको बटेश्वर गाउँपालिकाका किसानहरू अहिले सुधारिएको खेती प्रणालीतर्फ अग्रसर हुन थालेका छन्। बटेश्वरका गणेश धानबाली उत्पादन कृषक पाठशालामा आबद्ध किसानहरूले परम्परागत तरिका त्यागी आधुनिक र वैज्ञानिक विधिबाट खेती गर्न थालेका हुन्।

बटेश्वर गाउँपालिका-२, धुमासनका २५ जना किसान, जसमा २० महिला र ५ पुरुष छन्। सामुहिक कृषि पाठशालाबाट सीप र ज्ञान हासिल गर्दै आफ्नै खेतमा प्रयोगमा ल्याउन थालेका छन्। उनीहरूले धानबाली उत्पादनमा सुधारिएको विधि अपनाएर उत्पादनमा वृद्धि हुने विश्वास लिएका छन्। कृषक पाठशालाकी अध्यक्ष संजिला महतोका अनुसार विगतमा पुरानो तरिकाबाट खेती गर्दा श्रम र लगानी धेरै लाग्ने तर उत्पादन घट्ने समस्या थियो। "कृषक पाठशालाबाट नयाँ तरिका सिकेपछि अहिले हामीले सुधारिएको बिउ, जैविक मल र समयमै निखार्ने प्रविधि अपनाएका छौं," महतोले भन्नुभयो, "यसले किसानहरूलाई उत्पादन र आम्दानी दुवै बढ्ने आशा दिएका छौं।" त्यस्तै, समूहकी सदस्य शिवकुमारी कापरले पनि पाठशालाबाट आफूहरूमा ठुलो परिवर्तन आएको बताउनुभयो। "पहिले धानबालीमा रोग लाग्दा के गर्ने थाहा थिएन, अहिले त रोग नियन्त्रण र माटोको हेरचाह गर्न सक्ने भएका छौं," कापरले भन्नुभयो। अर्की सदस्य दुलारीदेवी कापरले भने सामूहिक सिकाइका कारण महिलामा कृषिप्रतिको उत्साह बढेको बताउनुभयो। "घरभित्र सीमित रहेका महिला अहिले खेतमा सक्रिय भएका छन्, आत्मनिर्भर बन्ने बाटो खुलेको छ," उहाँले भन्नुभयो। उक्त कार्यक्रम नेपाल सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालय अन्तर्गत खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको उप-आयोजना क्लस्टर एकाइ धनुषाद्वारा सञ्चालित र फुड एग्रिकल्चर अर्गनाइजेसन (एफएओ) को सहयोगमा सञ्चालन गरिएको हो। उक्त आयोजना अन्तर्गत बटेश्वर गाउँपालिकामा हाल ४६ वटा समूह गठन गरी किसानहरूलाई आधुनिक सीप, बिउ, प्रविधि र बजार पहुँचबारे कृषि तथा पशु तालिम दिइँदै आएको छ। स्थानीय कृषि प्राविधिकका अनुसार सुधारिएको खेती प्रणाली अपनाउने किसानको सङ्ख्या बढ्दै गएको छ, जसले गाउँपालिकाको समग्र कृषि उत्पादनमा सकारात्मक प्रभाव पारेको छ।

# मटिहानी नगरपालिकामा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३० असोज**




मटिहानी नगरपालिकामा शुभ दिपावली तथा छठ पर्वको शुभ अवसरमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रम सु-सम्पन्न भएको छ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका सदस्य राम लखन पंजियार, वड़ा नं.६ का वड़ा अध्यक्ष कलीम अंसारी, वड़ा नं.८ का वड़ा अध्यक्ष रितेश साह, वड़ा नं.८ का पूर्व वड़ा अध्यक्ष गणेश प्रसाद साह, वड़ा नं.६ का पूर्व वड़ा अध्यक्ष राम बाबू नायक, या.ल.ना. विद्यापीठका प्राचार्य हेमनारायण लाल कर्ण, महोत्तरी उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विजय साह, मोहन गुप्ता, पूर्व उपाध्यक्ष नागेश्वर गुप्ता, राकेश गुप्ता, वर्तमान उपाध्यक्ष अजय कुमार साह, पवन साह लगायतका पदाधिकारीहरु, कार्यपालिका सदस्य अरुण नाहर, सुनकेशी चौधरी, दुलारी देवी, श्री रा.स.मा.वि. मटिहानी का प्र.अ. ईश्वरी प्रसाद पौडेल, श्री राम मा.वि. मटिहानीका प्र.अ. श्रीश कुमार मिश्र, राजनीतिक दल तर्फ लोसपाका श्याम कुमार मंडल, नेपाली कांग्रेसका बैजनाथ मंडल, एमालेका जुगेश्वर खतवे, माओवादीका राज किशोर मंडल लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो। नगर प्रमुख मण्डल सहित विभिन्न वक्ताहरुले आफ्ना शुभकामना मन्तब्य राख्नु भएका थिए।

# शान्तिपूर्ण र समावेशी समाज निर्माणका लागि सशक्तिकरण विषयक कार्यक्रम जनकपुरमा सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० असोज**

सपोर्ट नेपालको आयोजनामा मटिहानी नगरपालिका र धनौजी गाउँपालिकामा 'शान्तिपूर्ण र समावेशी समाज निर्माणका लागि सशक्तिकरण' विषयक विशेष कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम जनकपुरस्थित वेलकम होटलमा सम्पन्न भएको हो।

धनौजी गाउँपालिका र मटिहानी नगरपालिकालाई लक्षित गर्दै समाजमा शान्ति, समावेशिता तथा स्थानीय सशक्तिकरण प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको Support Nepal ले जनाएको छ। वक्ताहरूले सामाजिक न्याय, लैंगिक समानता, युवाको भूमिका, स्थानीय नेतृत्वको सशक्तिकरण तथा समावेशी निर्णय प्रक्रियाको आवश्यकतामा जोड दिएका थिए। सहभागी स्थानीय जनप्रतिनिधिहरू तथा नागरिक समाजका सदस्यहरूले यस्ता कार्यक्रमले स्थानीय तहमा शान्तिपूर्ण र समावेशी विकास प्रक्रिया अघि बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्। कार्यक्रममा धनौजी गाउँपालिकाका अध्यक्ष राजकुमार साह, प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादव, वडा अध्यक्ष उदयकुमार साह, रामनारायण यादव तथा राम शोभित मण्डल सहभागी थिए। नागरिक सहायता कक्षबाट बिना मण्डलको उपस्थिति रहेको थियो।

मटिहानी नगरपालिकाबाट नगर प्रमुख हरिप्रसाद मण्डल, उप-प्रमुख मञ्जु देवी साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, योजना शाखा प्रमुख चन्देश्वर यादव तथा वडाध्यक्षहरू– मोहम्मद नाजिर मियाँ, रउफ राईन, शिवशंकर राय र मिश्री नायक लगायत नागरिक सहायता कक्षका अनसु कुमार साह सहभागी थिए। कार्यक्रमको अध्यक्षता सपोर्ट नेपालकी अध्यक्ष रोशना खड्काले गर्नुभएको थियो। कार्यक्रममा उपाध्यक्ष सुनील मल्लिक, सचिव रिचा सिंह दनुवार, लेखा अधिकृत मनिषा सिंह, कार्यकारिणी सदस्य गंगाप्रसाद साह, व्यवस्थापक सरस्वती शेर्पा, महोत्तरी जिल्ला संयोजक प्रकाश ठाकुर, धनुषा जिल्ला संयोजक शत्रुघ्न महतो तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

स्थानीय जनप्रतिनिधिहरू तथा सहभागीहरूले यस्ता कार्यक्रमहरूले शान्तिपूर्ण र समावेशी समाज निर्माणमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरेका छन्।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Dhanusha
Contact : 9844027971, 9824877627



Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket, Classical Dance, Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




# नयाँ मुख्यमन्त्रीको जिम्मेबारी

मधेस प्रदेशले अहिले चौथो नयाँ मुख्यमन्त्रीको रुपमा लोसपाको दिग्गज नेता जितेन्द्र सोनललाई पाएको छ । मुख्यमन्त्री सोनल लोसपाको विद्वान तथा क्षमताबान नेताहरु मध्ये एक हुनुहुन्छ। मधेस प्रदेश कृषिदेखि लिएर औद्योगिकरणसम्म पछाडी रहेको देखिन्छ। यहाँ विकासका पूर्वाधारहरु समेत राम्ररी विकसित भएको देखिदैन । प्रदेश सरकारले विकास भन्दा पनि पार्टीका नेता तथा कार्यकर्ता पाल्ने गरेको अभियोग पटक–पटक लाग्ने गरेको छ । भ्रष्टाचारमुक्त तथा सुशासनसहितको प्रदेश निर्माण गर्ने कार्य व्यवहारमा भन्दा बोलिमा मात्र सिमित रहेको देखिन्छ । यहाँ बेरोजगारी,हत्या,बलात्कार तथा जातिय भेदभाव जस्ता विकृतिहरुले प्रश्रय लिएको छ । जेनजी आन्दोलनले मधेस प्रदेशमा समेत भौतिक तथा मानवीय क्षति भएको कारण समग्र देश नै नराम्ररी प्रभावित भएको छ । यस अवस्थामा मधेस प्रदेशलाई नेतृत्व गर्दा कमसे कम मन्त्रीमण्डल विस्तार गरेर मितव्ययिता अपनाई विकासका कामहरु अगाडी बढाउनु पर्ने आवश्यकता रहेको देखिन्छ। निवर्तमान मुख्यमन्त्री सतिश सिंहको सरकारले गर्न नसकेका कामहरुलाई प्राथमिकतामा राखि अघि बढनु पर्ने आवश्यकता रहेको देखिन्छ । जवसम्म मन्त्रालयहरु नै भ्रष्टाचारमुक्त हुदैन तबसम्म सुशासनसहितको प्रदेशको परिकल्पना गर्न सकिदैन । तसर्थ साँसद तथा सचिवहरुबाटै योजनाहरु खरिद बिक्रि हुने कार्यहरु अनिवार्य रुपमा रोकिनु पर्दछ भने यस्ता कार्य गर्ने तथा गराउनेलाई हदैसम्मको कार बाही गर्नु पर्दछ । मधेसी जनता उच्च मुल्य बृद्धिका कारण भारतबाट खाद्यान्नदेखि अन्य सामानहरु ल्याउन बाध्य भएका छन् जसको कारण यहाँका व्यवसायीहरु नोक्सानमा छन् । यसको लागि सिघ्र संघ तथा स्थानिय सरकारसँग समन्वय गरी भारतीय बजारसँग बराबर हुन सक्ने मुल्यमा झार्नु पर्ने नीति ल्याउनुपर्ने जरुरी छ। यस प्रदेशमा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुलाई प्रबर्द्धन गर्नुका साथै प्रत्येक जिल्लामा ठूलो उद्योगको स्थापना गराई रोजगारीको अवसर सृजना गर्न जरुरी देखिन्छ ।

# मतदाता नामावली सङ्कलन कार्यलाई तीव्रता दिए संगै दिनहुँ सयौंको संख्यामा मतदाता थपिदै

जलेश्वरटुडे समाचारदाता
रौतहट, ३० असोज



रौतहटमा दिनहुँ युवा मतदाताको संख्या थपिँदै गएको छ। जिल्ला निर्वाचन कार्यालय रौतहटले मतदाता नामावली सङ्कलन कार्यलाई तीव्रता दिए संगै दिनहुँ सयौंको संख्यामा मतदाता थपिने क्रम जारि रहेको छ। फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गरी जारि मतदाता नामावली सङ्कलनमा युवाहरु बढि चासो लिएको जिल्ला निर्वाचन कार्यालय रौतहटका जिल्ला निर्वाचन अधिकारि छोटेलाल दाशले बताउनुभयो।

जेनजी पुस्तालाई मतदानमा बढि भन्दा बढी आफ्नो मताधिकार प्रयोग गर्न पाउने गरी सरकारले अध्यादेश ल्याएर मतदाता नामावली सङ्कलन कार्य अघि बढाएको हो। असोज १० गतेदेखि सुरु भएको मतदाता नामावली संकलन कार्य आगामी कात्तिक ३० गतेसम्म सञ्चालन हुने जिल्ला निर्वाचन अधिकृत दाशले जानकारी दिनुभयो। जिल्ला निर्वाचन कार्यालय रौतहटका अनुसार २०७९ सालको निर्वाचनमा रौतहटमा पुरुष मतदाता २ लाख २७ हजार २ सय २९ ,महिला मतदाता १ लाख ८८ हजार २ सय २५ र तेस्रो लिंगी मतदाता एक जना गरि कुल ४ लाख १५ हजार ४ सय ५५ मतदाता रहेको थियो।

२०८२ फाल्गुन २१ गते निर्वाचनको मिति तोकिँदासम्म रौतहटमा ४ लाख २१ हजार ६ सय ९३ मतदाता भएको थियो। २०७९ को निर्वाचनको समय भन्दा ६ हजार २ सय ३८ वटा मतदाता थपिएको जिल्ला निर्वाचन अधिकारि दाशले बताउनुभयो।

असोज १० गतेदेखि २९ गतेसम्म ५ सय ३१ पुरुष मतदाता र २ सय ८५ महिला मतदाता गरि ८ सय १६ मतदाता थपिएको उहाँले जानकारी दिनुभयो । दसैं बिदाका कारण पुर्ण रुपमा बन्द रहेको मतदाता नामावली संकलन कार्य बाढिका कारण समेत केहि दिन प्रभावित रहेको थियो। १६ वर्ष पूरा भएका र नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गराउन सक्ने जिल्ला निर्वाचन अधिकारी दाशले जानकारी दिनुभयो।

## तपाईको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

### पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक, तथा लामो कुराकानी नगर्नुहोस् · ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैंसँग राख्नुहोस् ।

४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरू सेभ गरेर राख्नुहोस् ।· जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए १११५ र ११३३



५ अत्यावश्यक कागजातहरू जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरू साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरू एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस् र सुरक्षित स्थान तिर जाँदा संगै लानुहोस् ।

अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# समृद्धि र विकासतर्फ प्रदेशलाई अगाडि बढाउने प्रतिबद्धता



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ३० असोज

मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार ( सोनल) ले अधिकारको संरक्षण गर्दै समृद्धि र विकासतर्फ प्रदेशलाई अगाडि बढाउने प्रतिबद्धता जनाउनुभएको छ । बिहीबार पत्रकारसँग कुरा गर्दै मुख्यमन्त्री सोनारले छ दलीय गठबन्धनमा सहभागी सबै दल र नेताप्रति आभार व्यक्त गर्नुभयो।

उहाँले सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने तयारी भइरहेको बताउँदै हालको विषम परिस्थितिमा जनताको मुद्दा जनस्तरसम्म पुगोस् भन्ने उद्देश्यका साथ सरकार सञ्चालन गर्ने बताउनुभयो। "मुख्यमन्त्रीको पदमा सेवा गर्न आएको हुँ, इन्जोइ गर्न आएको होइन," सोनारले भन्नुभयो, "अधिकारको कुरा संरक्षण र संस्थागत गर्दै सुशासन कायम गर्ने तथा समृद्धि र विकासको दिशामा अघि बढ्ने मेरो प्राथमिकता हुने छ।"

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने

वृष: लामो यात्राको योग छ

मिथून: अनावश्यक चिन्ता

कर्कट: विचार गरेर बोल्नुहोला

सिंह: मनमा पछुतो आउने

कन्या: आम्दानी हुने

तुला: मित्रतामा फाटो आउने

वृश्चिक: शुभ कार्यको शुरुवात

धनु: खानपानमा समस्या आउने

मकर: पिछडेको साथी मिल्ने

कूम्भ: अनावश्यक खर्चको संभावना

मीन: अशुभ समाचार प्राप्त हुने

## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# भेनेजुएलाविरुद्ध 'भूमिगत कारबाही' गर्ने ट्रम्पको सङ्केत, मदुरोद्वारा 'सीआईए कू' को निन्दा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० असोज**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार भेनेजुएलाविरुद्ध गोप्य रूपमा केन्द्रीय गुप्तचर एजेन्सी (सीआईए) लाई कारबाही गर्न अनुमति दिएको सङ्केत गर्दै दक्षिण अमेरिकी यस राष्ट्रमा भूमिगत रूपमा रहेका कथित ड्रग कार्टेलहरू विरुद्ध स्थलीय आक्रमण ( जमिनमा सैन्य कारबाही) गर्ने विकल्पबारे पनि विचार भइरहेको बताएका छन्। राष्ट्रपति ट्रम्पको उक्त टिप्पणीपछि भेनेजुएलाका वामपन्थी नेता निकोलस मदुरोले तीव्र प्रतिक्रिया जनाउँदै 'सीआईएले गराएको कू' को घोर निन्दा गरे र क्यारिबियन क्षेत्रमा अमेरिकी नौसैनिक आक्रमणपछि आफ्ना सेनालाई व्यापक सैन्य अभ्यासको आदेश दिए।



न्युयोर्क टाइम्सले मदुरोविरुद्ध सीआईएलाई गुप्त कारबाहीको स्वीकृति दिएको समाचार प्रकाशित गरेपछि विस्तृत प्रश्न सोधिँदा ट्रम्पले 'मैले वास्तवमा दुई कारणले अनुमति दिएँ' भन्दै मदुरोको सरकारलाई 'नार्को-आतङ्कवादी शासन' को संज्ञा दिए।

# बिहीबार यस्तो छ विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० असोज**

नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको सटहीदर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार आज अमेरिकी डलर एकको खरिददर १४० रूपैयाँ ६३ पैसा र बिक्रीदर १४१ रूपैयाँ २३ पैसा कायम भएको छ।




युरोपियन युरो एकको खरिददर १६३ रुपैयाँ ५३ पैसा र बिक्रीदर १६४ रुपैयाँ २३ पैसा रहनेछ। यस्तै, आज पाउन्ड स्ट्रलिङ एकको खरिददर १८७ रूपैयाँ ८७ पैसा र बिक्रीदर १८८ रूपैयाँ ६७ पैसा, स्विस फ्याङ्क एकको खरिददर १७५ रूपैयाँ ७३ पैसा र बिक्रीदर १७६ रूपैयाँ ४८ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९१ रूपैयाँ ६८ पैसा र बिक्रीदर ९२ रूपैयाँ ०७ पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रूपैयाँ २० पैसा र बिक्रीदर १०० रूपैयाँ ६२ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०८ रूपैयाँ ५१ पैसा र बिक्रीदर १०८ रूपैयाँ ९७ पैसा निर्धारण गरिएको छ। यस्तै, जापानी येन १० को खरिददर नौ रूपैयाँ २९ पैसा र बिक्रीदर नौ रूपैयाँ ३३ पैसा तोकिएको छ।

चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ ७३ पैसा र बिक्रीदर १९ रूपैयाँ ८२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ ५० पैसा र बिक्रीदर ३७ रूपैयाँ ६६ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ५८ पैसा र बिक्रीदर ३८ रूपैयाँ ७५ पैसा कायम भएको छ। केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ३२ पैसा र बिक्रीदर चार रूपैयाँ ३४ पैसा, युएई दिराम एकको खरिददर ३८ रूपैयाँ २९ पैसा र बिक्रीदर ३८ रूपैयाँ ४५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३३ रूपैयाँ २३ पैसा र बिक्रीदर ३३ रूपैयाँ ३७ पैसामा विनिमय हुनेछ।

साउथ कोरियन वन १०० को खरिददर ९ रूपैयाँ ८८ पैसा र बिक्रीदर ९ रूपैयाँ ९३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रूपैयाँ ८३ पैसा र बिक्रीदर १४ रूपैयाँ ८९ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रूपैयाँ ९० पैसा र बिक्रीदर २१ रूपैयाँ ९९ पैसा तोकिएको छ।


## तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस्।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस्। यस्तो बेला अनावश्यक तथा लामो कुराकानी नगर्नुहोस् - ब्याट्री बचाएर ब्यालेन्स हालेर मोबाइल आफैसँग राख्नुहोस्।

४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस्। जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए ११११ र ११३३

५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस् र सुरक्षित स्थान तिर जाँदा सँगै लानुहोस्।

अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


# यी हुन् टी-२० विश्वकप खेल्ने १९ टिम, एक टिम टुंगो लाग्न बाँकी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० असोज**

नेपाल र ओमानलले टी-२० विश्वकपमा स्थान बनाएपछि अर्को वर्ष भारत र श्रीलंकामा आयोजना हुने आईसीसी टी२० विश्वकप क्रिकेट खेल्ने १९ टिमको टुंगो लागेको छ।

ओमानमा भइरहेको आईसीसी टी-२० विश्वकप एसिया-इएपी छनोटबाट शीर्ष तीन टोली विश्वकपमा पुग्ने प्रावधान छ। जसमा दुई टोलीले विश्वपकमा स्थान पक्का गरिसकेको छ भने अब एक टोलीको टुंगो लाग्न बाँकी छ। सन् २०२६ फेब्रुअरी-मार्चमा हुने १०औं संस्करणको टी-२० विश्वकपमा २० टोलीको सहभागिता हुनेछ। जसमा विभिन्न चरणको छनोटबाट १९ टोलीको नाम टुंगो लागिसकेको छ। अब एसिया-इएपी छनोटबाट एक टोलीको टुंगो लाग्न बाँकी छ। कसरी छनोट भए टिम ? भारत र श्रीलंका आयोजकको रुपमा स्वतः १०औं संस्करणको टी-२० विश्वकपका लागि छानिएका हुन्। भारत साविक विजेता समेत हो। यस्तै २०२४ मा अमेरिका र वेष्ट इन्डिजमा भएको टी-२० विश्वकपमा शीर्ष सातमा रहेका ( भारत र श्रीलंका बाहेक) अफगानिस्तान, अष्ट्रेलिया, बंगलादेश, इंग्ल्याण्ड, दक्षिण अफ्रिका, अमेरिका र वेष्ट इन्डिजले पनि स्वतः विश्वकपमा स्थान बनाएका हुन्। त्यसपछि आईसीसीको वरीयतामा रहेको शीर्ष टिम मध्येबाट आयरल्याण्ड, न्युजिल्याण्ड र पाकिस्तानले पनि सिधै विश्वकपमा स्थान बनाए।




बाँकी ७ टिमले भने विभिन्न महादेशको छनोट चरण पार गरेर विश्वकपमा स्थान बनाएका हुन्। त्यसमा अमेरिका क्षेत्रबाट क्यानडा, युरोपबाट नेदरल्याण्ड्स र इटली छनोट भएका हुन्। यस्तै अफ्रिकाबाट जिम्बाव्वे र नामिबिया टी-२० विश्वकपमा छनोट भए। एसिया-इएपी छनोटबाट नेपाल र ओमानले पनि विश्वकपमा स्थान पक्का गरिसकेका छन्। अब अहिले भइरहेको एसिया-इएपी छनोटको शीर्ष तीनमा पर्ने एक टिमले विश्वकपमा स्थान बनाउनेछ। यस छनोटमा नेपाल र ओमानपछि रहेका युएई विश्वकप पुग्ने होडमा अघि छ।

अपराजित नेपाल ४ खेलबाट ८ अंकसहित शीर्ष स्थानमा छ भने ६ अंकसहित ओमान दोस्रो स्थानमा छ। युएई ४ अंक जोडेर तेस्रोमा छ। जापान ३ खेलबाट २ अंकसहित चौथोमा छ भने कतार ४ खेलबाट २ अंकसहित पाँचौमा छ। लगातार तीन खेल हारेको सामोआ अंकविहिन छ। कतार र सामोआ भने विश्वकप पुग्ने होडबाट बाहिरिसकेको छ। अब आज युएई र जापानबीच हुने खेलमा युएई विजयी भएमा युएई एसिया-इएपीबाट विश्वकप पुग्ने तेस्रो टोली बन्नेछ।

# बटेश्वरमा समावेशी शिक्षा सम्बन्धी संवाद

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० असोज**

समुदाय स्तरीय समावेशी शिक्षा सम्बन्धी संवाद कार्यक्रम बिहीबार धनुषाको बटेश्वर गाउँपालिकामा सम्पन्न भएको छ।



युरोपियन युनियन, पिपुल इन निड, एकाउन्टविलिटी ल्यावको आर्थिक र प्राविधिक सहयोगमा लाइफ नेपालले आयोजना गरेको संवाद कार्यक्रममा सहभागीहरुले विद्यालयमा विद्यार्थी नियमित गर्न सुधार गर्नुपर्ने क्षेत्र तथा चुनौतीबारे आ आफ्नो धारणा राखेका थिए।

संवाद कार्यक्रममा शिवशक्ति माविका छात्रछात्राहरुले विद्यालयमा खानेपानीको समस्या रहेको बताएका थिए। शौचालय नजिक पानी नहुँदा कठिनाई भइरहेको गुनासो उनीहरुको थियो। समावेशी शिक्षा ( पहुँच) परियोजना अन्तर्गत बटेश्वरमा आयोजित संवाद कार्यक्रममा गाउँपालिका अध्यक्ष रामअशिष महतोले विद्यालयमा देखिएको खानेपानी र शौचालयको समस्या केही दिनभित्रै समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे। चालु आर्थिक वर्षमा छुट्टयाएको बजेटले खानेपानी र शौचालय व्यवस्थापन कार्य पूरा हुन नसकेमा आउँदो आर्थिक वर्षमा थप बजेट उपलब्ध गराउने अध्यक्ष महतोले बताए।

विद्यालयमा आवश्यक जनशक्ति व्यवस्थापनमा श्रोतसाधन अपुग हुने गरेको जिकिर गर्दै अध्यक्ष महतोले उपलब्ध श्रोतसाधनबाटै सो समस्या समाधान गर्न गाउँपालिका अग्रसर रहेको उल्लेख गरे।

संवाद कार्यक्रमको अध्यक्षता समेत गरेका प्रमुख प्रशासकीय अधिकृत रेवतिप्रसाद पौडेलले पालिकाले आफ्नो स्तरबाट सबै क्षेत्रलाई समेट्ने गरी कार्य गरिरहे पनि केही क्षेत्र छुट्न गएको स्वीकार गर्दै यसतर्फ ध्यानाकर्षण गराईदिएकोमा आयोजक संस्थामा धन्यवाद ज्ञापन गरे। अपांगमैत्री, बालमैत्री, प्रविधिमैत्री बनाउनतर्फ पालिकाको ध्यान जान नसकेको बताउँदै अव यसतर्फ पनि आवश्यक कार्यहरु गरिने प्रतिबद्धता प्रमुख प्रशासकीय अधिकृत पौडेलले व्यक्त गरे। विद्यालयहरुमा रहेको समस्या पहिल्याउन सहयोग गरेकोमा उनले आयोजक संस्थामा धन्यवाद ज्ञापन गरे। कार्यक्रममा एकाउन्टिवलिटी ल्यावका कयुम राईनले सामुदायिक विद्यालयको समस्या समाधानमा प्रअ र शिक्षकहरु पनि जिम्मेवार हुनुपर्नेमा जोड दिएका थिए। सरसफाई, शैक्षिक वातावरण कायम गर्न, तथा गुणस्तरीय शिक्षामा सुधार ल्याउनका लागि प्रअ र शिक्षकको भूमिका महत्वपूर्ण रहेकाले यसतर्फ गंभीर हुन आवश्यक रहेको राईनले बताए।

कार्यक्रममा लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले पहुँच परियोजनाबारे संक्षिप्त जानकारी दिंदै सात महिनासम्म संचालन हुने परियाजनाले बटेश्वर गाउँपालिकाको पाँच वटा माविको आधारभूत तथ्यांक संकलन, सरोकारबालाहरुसँग अन्तरक्रिया, समुदायमा बैठक, विद्यालय आउने विद्यार्थी, विद्यालय छाडेका विद्यार्थी, विद्यालय भर्नामा अवरोध, विद्यालयहरुसँग सम्बन्ध सुदृढ गर्ने लगायतको क्षेत्रमा काम गरिरहेको जानकारी दिए।

जनप्रिय मावि भुचक्रपुर १ देखि कक्षा ३ सम्मका विद्यार्थी मुल्यांकन रेकर्ड पुस्तिका लागू गर्ने पहिलो विद्यालय रहेको उनले बताए। परियोजना संचालन गरिएको विद्यालयहरुमा अपांग्ता र लैंगिक मैत्री कार्यक्रमहरु सुरु भएको ठाकुरले जानकारी दिए। छात्रभन्दा छात्राको संख्या बढी रहेपनि विद्यालयमा हालसम्म समावेशी शिक्षाको अनुसार हुन सकेको छैन, उनले भने-शिक्षक विद्यार्थी औषत दर पनि मिलेको छैन्। सबै वर्गका बालबालिकाहरु विद्यालयमा ल्याउन सके त्यो नै समावेशी हुने भएकाले यसतर्फ प्रअ र शिक्षकहरुको उनले ध्यानाकर्षण गराएका थिए।

कार्यक्रममा बटेश्वर गाउँपालिकाका शिक्षा शाखा प्रमुख रामलाल महतो, शिवशक्ति माविका प्रअ प्रमोद शरण केवट, जनप्रिय माविका प्रअ राजकुमार राउत, जनशक्ति माविका प्रअ छठुलाल महतो लगायत शिक्षक, विद्यार्थी लगायत पालिकाका कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# जेन-जी आन्दोलनको कसीमा सेना

-२३ र २४ भदौको जेन-जी आन्दोलनमा ७६ जनाको ज्यान गयो, सयौं घाइते भए । निजी र सार्वजनिक सम्पत्तिमा आगजनी र तोडफोडले खर्बौंको सम्पत्ति ध्वस्त भयो । देशका विभिन्न कारागारबाट १८ हजारभन्दा बढी कैदीबन्दी भागे । यावत् परिघटना सम्बोधन र नियन्त्रणमा देशको सुरक्षा र प्रशासनिक निकायहरू पूर्णतया विफल देखिए । स्थापित व्यापारिक घरानादेखि राजनीतिक व्यक्तिसमेत दोस्रो दिनको हिंसाको तारो बने । खोजीखोजी कुटपिट र लखेटापछ्याट गर्ने काम भयो । देशभरि एकै समयमा एकै प्रकृतिका हिंसात्मक घटना असामान्य थिए । सहरमा निषेधाज्ञा जारी थियो तर हिंसा मच्चाउनेहरू खुला र स्वतन्त्र थिए । तिनलाई कहीँ नियन्त्रण र रोकटोक भएन ।

राज्यमा शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारीका साथ खटिएका झन्डै अढाई लाख बढी संख्याका चार सुरक्षा निकायका आँखा अगाडि यी सब घटना भएका छन् । पहिलो दिनको शान्तिपूर्ण युवा प्रदर्शनका क्रममा बानेश्वरमा अन्धाधुन्ध गोली चलाउनबाहेक अन्त कतै विध्वंस रोक्नका लागि यी निकायको पहल देखिएन । नेपाल प्रहरी, जो पहिलो दिन परिचालित थियो, दोस्रो दिन त्यसका बिटहरू जलाइएका, हतियार, बर्दी र ढाल खोसिएका र जवानहरूलाई नांगै आत्मसमर्पण गरेर भागाभाग गर्ने स्थितिका दृश्यहरू देखिए ।

तर, त्यहाँ अरू निकाय मूकदर्शक या गुमनामझैं थिए । तत्कालीन गृहमन्त्री, प्रमुख जिल्ला अधिकारीहरूलगायतले आफू पदमा रहँदैमा यसबारे केही बोलेनन् र अहिले उनीहरू कार्यभारबाहिर रहेको अवस्था छ । सुरक्षा नीति, निकाय, व्यक्ति, प्रक्रिया र समूह को, कसको, कहाँ, के, कति भूमिका रहेछ भन्ने छानबिन गर्न अनुसन्धान समिति पनि बनेको छ । यस आलेखमा राष्ट्रिय सुरक्षाको हिसाबले मुख्य र प्रतिरक्षाका अन्तिम अस्त्र मानिएको नेपाली सेना त्यो परिस्थितिमा किन ब्यारेकबाट निस्किएन भन्ने प्रश्न आममानिसबीच उठिरहँदा सेना आफैंले बनाउन खोजेको भाष्यका पक्षमा आएका मिडिया रिपोर्टलाई चिरफार गर्ने प्रयास गरेको छ । राष्ट्रिय सेना आफैंमा अरू सुरक्षा संगठनभन्दा फरक हो ।

नेतृत्वको चरित्र, सोच र क्षमताले पनि सेनाको कामकारबाही र उसको छवि निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ । सेनाको संगठन 'चेन अफ कमान्ड' मा चल्छ, जनसम्पर्कमा रहन्न । त्यसैले सेनाको अर्थ, महत्त्व र भूमिका पेसागत हिसाबले नबुझ्ने तप्का, सेनाले गरेका कुनै पनि कुरा गलत हुँदैनन् वा मान्न हुँदैन भन्ने निर्दोष समूह हरेक देशमा उल्लेख्य हुन्छ । सेनाका बारेमा सार्वजनिक छलफल बहस गर्नै हुँदैन भन्ने सामाजिक पुँजी पनि छ । यस पटक सेवा निवृत्तहरूमार्फत सेनाले अभूतपूर्व र इतिहासमै महत्त्वपूर्ण भूमिका निभायो भन्ने सन्देश फैलाउन खोजेको पाइन्छ । तर आन्दोलनका बेला सेनाको भूमिकालाई लिएर नेपाली समाज दुई ध्रुवमा विभाजित छ । सेनाको भूमिकालाई प्रशंसा गर्नेभन्दा प्रश्न गर्ने नै बढी देखिन्छ । यतिसम्म कि टेलिभिजन वार्ता, लेख र सार्वजनिक ठाउँमा प्रतिक्रिया दिँदा सेनाको भूमिकालाई सकारात्मक भन्नेहरू व्यक्तिगत कुराकानीमा भने यतिबेला उठेका प्रश्नहरू जायज भएको र तर्कसंगत प्रतिरक्षा गर्न नसकिएको बताउँछन् । सेनाको भूमिकाका प्रशंसकको पहिलो तर्क छ, प्रधानमन्त्रीले राजीनामा नदिएसम्म उनलाई सुरक्षा र संरक्षण गर्न नसकिने धम्की दिएपछि मात्र प्रधानमन्त्री ओलीले उनै सेनापतिहस्ते राजीनामा दिएका हुन् । 'कानुनबमोजिम मात्र चल्ने' सैन्य नेतृत्वले कुन कानुनमा टेकेर सार्वभौमसत्ता सम्पन्न जननिर्वाचित प्रधानमन्त्रीको राजीनामा माग्न मिल्छ ? सेनाको वस्तुनिष्ठ ( अब्जेक्टिभ) नियन्त्रण, नागरिक सरकार-सेना सम्बन्ध र नागरिक सर्वोच्चताको कुनै पनि सिद्धान्त र दृष्टिकोणबाट सेनापतिले सरकार प्रमुखको राजीनामा माग्नु वा गर्न दबाब बनाउनु आफैंमा अति गलत र गम्भीर विषय हो ।

नेपालको संविधान र मौजुदा कुनै पनि कानुनले सेनापतिबाट यस्तो कर्मको अनुमान र अपेक्षा गरेको छैन, न यस्तो अभ्यासको नजिर छ । मर्यादाविपरीत बन्दुक/सैन्य शक्तिको दुरुपयोग गरेबापत प्रशंसा गर्न मिल्ने हो भने यो भविष्यका लागि गलत नजिर, संकेत र सन्देश हो । आफ्नै रेखभालमा रहेका राज्यका मुख्यालयहरू खाग हुँदासम्म पनि सेना त्यहींभित्र ब्यारेकबाट टुलुटुलु हेरेर बस्यो, आगलागी रोक्न वा निभाउन आएन । यसमा प्रतिरक्षा गर्नेहरूको तर्क छ, सुरक्षा परिषद्को निर्णय नभएकाले सेना आन्तरिक सुरक्षा वा हिंसा नियन्त्रण, व्यक्तिका धनजन र सार्वजनिक सम्पत्तिको सुरक्षार्थ ब्यारेक बाहिर आउन मिल्दैन । यहाँ प्रश्न उठ्छ, सेनाले राज्यका सबै प्रमुख संरचना तथा निजी सम्पत्तिमा गरिएको आगजनी निभिसक्ने र आफ्नो अनुकूलको समय पर्खी र हेरी बस्न मिल्छ ? प्रथमतः, ती संरचना सुरक्षार्थ खटिएको इकाइलाई संरक्षणमा उत्रिन आफ्नै अड्डाको आदेश लिन वा सुरक्षा परिषद्को निर्णय कुनु पर्दैन । ती यस्तै अवस्थाका लागि भनेर तत्तत् स्थानमा तैनाथ संरचना हुन् । दोस्रो, सेना परिचालन वा संकटकाल घोषणा गर्न सुरक्षा परिषद्को निर्णय जरुरी हुने हो, प्रहरीले नसकेर हात उठाएपछि अन्य सुरक्षाबलको साथ सहयोग नलिई सोझै संकटकालमा जानु व्यावहारिक विकल्प थिएन ।

साभार : कान्तिपुर ।




तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक तथा लामो कुराकानी नगर्नुहोस् - ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैंसँग राख्नुहोस् ।



४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् । जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए ११९५ र ११३३

५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस् र सुरक्षित स्थान तिर जाँदा संगै लानुहोस् ।

अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला





यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेंहदी,डिजाइनर मेंहदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

कामिनी ब्युटी पार्लर,जलेश्वर,महोत्तरी




तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक तथा लामो कुराकानी नगर्नुहोस् - ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैंसँग राख्नुहोस् ।



४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् । जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्दतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए ११९५ र ११३३

५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस् र सुरक्षित स्थान तिर जाँदा संगै लानुहोस् ।

अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday